# तलकोट गाउँपालिका

## न्यायिक समिति वार्षिक प्रतिवेदन २०७८।०७९

सम्मानीय यस एघारौं गाउँसभा २०७९ का अध्यक्ष महोदय उपाध्यक्ष ज्यू अन्य सम्पूर्ण गाउँसभा सदस्य ज्यू र यस तलकोट गाउँकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू । न्यायिक समितिले सम्पादन गरेको कामको वार्षिक विवरण प्रतिवेदन अध्यक्ष मार्फत गाउँसभामा पेश गर्नुपर्ने कानूनी प्रावधान बमोजिम यस तलकोट गाउँपालिका न्यायिक समितिले आ व २०७८।०७९ मा गरेका कामको वार्षिक विवरण अध्यक्ष ज्यू मार्फत यस सभामा प्रस्तुत गर्न पाउँदा यो समिति गौरवान्वित भएको छ ।

### पृष्ठभूमि

राष्ट्रहित लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका एतिहाँसिक जनआन्दोलन खास गरी ०६२।०६३ को जनआन्दोलन सशस्त्र सघर्ष त्याग र बलिदानको गौरवपूर्ण इतिहाँसलाई स्मरण गर्दै शहिदहरु तथा बेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै विगतको सामन्ति निरकुश केन्द्रिकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त गर्दै बहुजाति बहुभाषिक बहुधार्मिक बहुसास्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरी विविधताका बीचको एकता सामाजिक सास्कृतिक एक्यबद्दता सहिष्णुता र सदभावलाई सरक्षण एव प्रर्वदन गर्दै वर्गीय जातीय क्षत्रीय भाषिक धार्मिक लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त गरी आर्थिक समानता समृध्दि र सामाजिक न्याय सुनिश्चतता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्तको आधारमा समतामूलक समाजको निर्माण गर्न सकल्पका साथ २०७२ साल असोज ३ गते नेपालको सविधान जारी भएके छ । न्याय प्रणालीलाई सर्वसुलभ छिटोछरितो पहुँचयोग्य सक्षम निष्पक्ष स्वतन्त्र बनाउन र कानूनी राज्यको अवधारणालाई आत्मसाथ गर्दै न्यायपूर्ण समाजको निर्माण गर्न मेलमिलापलाई प्रोत्साहित गरी एकतावद्द समाज निर्माणका लागि नेपालको सविधानको धारा २१७ मा प्रत्यक स्थानीय तहमा उपाध्यक्ष एव उपप्रमुखको सयोजकत्वमा एउटा न्यायिक समिति रहने व्यवस्था बमोजिम यस गाउपालिकामा पनि उपाध्यक्षको सयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गरिएको छ । स्थानीय सरकार सञ्चालन एन २०७४ को दफा ४७ को उपदफा १ मा न्यायिक समितिको १३ वटा अधिकार क्षेत्र तोकिएका छन भने उपदफा २ मा थप ११ वटा मेलमिलापका अधिकारहरु उल्लेखित छन । परिवर्तित नयाँ शासन व्यवस्थाले सुम्पिएको यो अभूतपूर्ण जिम्मेवारीलाई

यस समितिले ईमान्दारिताका साथ पुरा गरी [illegible] सामूहिक भावनाले युक्त एकलाबद्ध समाज निर्माणमा निरन्तर रुपमा ईंटा थप्ने काम गर्ने प्रतिबद्धता यो समिति व्यक्त गर्दछ ।

**<u>बिषयवस्तु</u>**

यस न्यायिक समितिले आ व २०७८।०७९ मा गरेका कामहरुको वार्षिक विवरण निम्नानुसार रहेको छ

**यस समिति समक्ष** परेका जम्मा उजुरीहरु १५ वटा

रीत नपुगेका उजुरीहरु  १ वटा

रीत पुगेका उजुरीहरु  १४ वटा

छलफलका लागि बोलाइएका उजुरीहरु १४ वटा

**<u>जसमध्ये</u>**

फैसला गरिएका उजुरीहरु शुन्य

मिलापत्र गरिएका उजुरीहरु १३ वटा

अन्य निकायमा पठाइएका उजुरीहरु १ वटा

पत्राचार गरेर अनुपस्थित उजुरी १ वटा

छलफल गर्न बाँकी उजुरी शुन्य

**<u>उजुरीको प्रकार तथा विषयगत विवरण</u>**

१ ज्याला मजदुरी १ वटा

२ सामान्य कुटपिट ८ वटा

३ बालक हराएको खोजीनीति २ वटा

४ गालीबेइज्जत ४ वटा

**यस आर्थिक वर्षमा बसेका जम्मा बैठक सङ्ख्या २० पटक**

समितिले सामना गर्नुपरेका समस्याहरु

- **दक्ष जनशक्तिको अभाव**

  नेपालको सविधान र स्थानीय सरकार सञ्चालन एन २०७४ ले निर्दिष्ट गरेका न्यायिक समितिका अधिकारहरुलाई प्रभावकारी ढङ्गले प्रयोग गर्नका लागि तालिम प्राप्त र कानूनी ज्ञान भएको दक्ष कर्मचारीको अभाव रहनुको साथै न्यायिक समितिका सदस्यहरु स्वयम समितिको अधिकार क्षेत्र र कार्य सञ्चालन प्रक्रिया प्रति अनविज्ञ रहनुभएको अवस्थामा समितिको कार्यसम्पादन केहि कमजोर रहेको छ ।

- **जनचेतनाको कमी**

  परिवर्तित शासन व्यवस्था बमोजिम न्यायिक समितिको न्यायिक अधिकार क्षेत्र लगायत यस समितिसँग सम्बन्धित अन्य काम कारबाही र कार्यविधिका सम्बन्धमा स्थानीय जनतामा जनचेतनाको कमी रहेको पाइन्छ

- **दक्ष मेलमिलापकर्ताको अभाव**

  स्थानीय सरकार सञ्चालन एन २०७४ को दफा ४७ को उपदफा २ मा उल्लेखित विवादका विषयहरु मेलमिलापकर्ता मार्फत मिलापत्र गर्न सकिने प्रावधान भएता पनि स्थानीय स्तरमा दक्ष मेलमिलापकर्ताको अभाव रहेको अवस्था छ ।

  - वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरिएता पनि कार्यान्वयनमा ल्याउन नसकिएको ।
  - सम्बन्धित विषयमा अन्य स्थानीय तह जिल्ला अदालत सरकारी वकिल कार्यालय लगायतका निकायसँग सहकार्य तथा समन्वयको अभाव रहेको ।

## समाधानका उपायहरु

- तालिम प्राप्त तथा कानूनी ज्ञान भएको दक्ष कर्मचारीको व्यवस्था गर्ने ।
- न्यायिक समितिका पदाधिकारी लगायत सम्बन्धित कर्मचारीहरुलाई क्षमता विकास तालिमको व्यवस्था गर्ने ।
- सानातिना विवादहरु टोलमै मिलाउन प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी स्थानीय मेलमिलापकर्ताहरुको व्यवस्था गर्ने ।
- कानूनी परामर्शका लागि कानूनी सल्लाहकारको व्यवस्था गर्ने ।

तलकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
सुदूर पश्चिम प्रदेश, नेपाल

- अन्य सम्बन्धित निकाय तथा सरोकारवालासँग आवश्यक समन्वय र सहकार्यको वातावरण तयार गर्ने ।
- न्यायिक समिति मार्फत स्थानीय स्तरमै समाधान गर्न मिल्ने विवादका विषयहरुका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- न्यायिक समिति प्रतिको विश्वास बढाउन निष्पक्ष एवम स्वतन्त्र ढङ्गले विवादहरुको निरुपण तथा समाधान गर्नुपर्ने ।

**समग्रमा केहि कमजोरी तथा अभावका बाबजुद पनि यस तलकोट गाउँपालिका न्यायिक समितिको न्यायिक कार्यसम्पादन स्तर निकै सन्तोषजनक रहेको पाइन्छ । केहि छिटपुट विवाद बाहेक अन्य सम्पूर्ण विवादहरुको मेलमिलापको माध्यमबाट समाधान भएको देखिन्छ । यस न्यायिक समितिबाट समाधान भएका विवादहरु उपर पुनरावेदन पनि परेको देखिदैन । आगामी दिनहरुमा न्यायिक समितिको प्रभावकारिता अभिवृद्धि गर्न सरोकारवाला सबैको साथ सहयोगको आवश्यकता रहेको व्यहोरा यो समिति यस प्रतिवेदन मार्फत यस सम्मानित सभा समक्ष राख्दछ ।**

| | |
|---|---|
| ............................... | Kunwar ............................... |
| **तयार पार्ने** | **प्रतिवेदक** |
| **प्रकाश चन्द्र उपाध्याय** | **पार्वती कुँवर भण्डारी** |
| **प्रशासन सहायक** | **सँयोजक** |
| **न्यायिक समिति** | **न्यायिक समिति** |
| **तलकोट गाउँपालिका** | **तलकोट गाउँपालिका** |